# भूमे साप्ताहिक

वर्ष ६ अङ्क २१ ०८१ पौष ०७
आईतबार

## सम्पादकीय

# स्वास्थ्य सेवामा भरपुर सेवा दिँदै भूमे

ग्रामीण र विकट भेगले भरिएको जिल्ला रुकुमपूर्वमा आधारभूत स्वास्थ्य सेवाहरू सर्वसुलभ बनाउनु राज्यको पहिलो प्राथमिकता देखिनु पर्छ। ग्रामीण क्षेत्रहरूको स्वास्थ्य सेवामा सुधार गर्ने प्रयत्नलाई स्थानीय तहले जिम्मेवारीपूर्वक अगाडि भूमे गाउँपालिकाले बढाएको छजस्को जोलन्त उदाहरण भूमे गाउँपालिका हो। भौगोलिक रूपमा विकट र आर्थिक स्रोतमा सीमित भए पनि भूमेले स्वास्थ्य सेवामा सुधार गर्दै स्थानीय नागरिकलाई भरपर्दो र सुलभ सेवा उपलब्ध बनाउन तर्फ लागेको छ।

भूमे गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवाहरू सहज बनाउन मात्र होइन, नागरिकको विशेष आवश्यकता पूरा गर्न समेत ठोस योजना अघि सारेको छ। यस महिनामा मात्र आँखा उपचार सेवा सञ्चालन गरेको छ यो सेवा केवल स्वास्थ्यसँग मात्र सम्बन्धित नभई, नागरिकको आधारभूत हकको सुनिश्चितता गरेको प्रशस्त देख्न सकिन्छ। गाउँपालिकाले औषधि वितरण, नियमित स्वास्थ्य शिविर सञ्चालन, र मातृशिशु स्वास्थ्यसँगै आँखाजस्ता संवेदनशील अंगका उपचार नागरिककै घर आँगनमा सञ्चालन गर्नु भनेको सौभाग्यको विषय हो। रुकुमपूर्वमा मात्रै नभएर देशको विभिन्न गाउँ–ठाउँमा आँखासम्बन्धी धेरै मानिसहरु मोतियाबिन्दु, दृष्टिदोष, र आँखा संक्रमणहरू समयमै उपचार नपाउँदा गम्भीर समस्या हामीले छर्लङ्ग देख्न सक्छौं। तर, यस्तो खालको समस्या निम्तिन नदिन गाउँपालिकाले आँखा उपचार केन्द्र स्थापना गरेर, जनचेतना फैलाउने, र निःशुल्क आँखा शिविर सञ्चालन कार्य लिएको हो।

भूमेले दूरदराजका बासिन्दाको स्वास्थ्यमा सुधार ल्याउने प्रयासस्वरूप विगतका दिनहरुमा जनचेतना अभियानहरू सञ्चालन गर्दै आएको छ। विशेष गरी स्वास्थ्य सेवा, नियमित खोप कार्यक्रम, र बालबालिकाको पोषण व्यवस्था विभिन्न संघसंस्थाहरुसंग समन्वय र सहकार्य गरेर निकै नै प्रभावकारी बनाएको छ।

अन्य स्थानीय तहहरूले पनि स्वास्थ्य क्षेत्रमा लगानी बढाउन सके नागरिकलाई सहज हुन सक्छ। भौगोलिक विकटता, बजेट अभाव, रहेका क्षेत्रहरुमा संघीय सरमार र प्रदेश सरकारले स्वास्थ्य सेवामा सक्रियता सबै गाउँपालिकाका लागि उदाहरणीय बन्ने छ। भूमेले गरेको सक्रिय प्रयासहरूलाई देशव्यापी रूपमा लागू गर्न सकेमा ग्रामीण र शहरी क्षेत्रमा स्वास्थ्य सेवा पहुँचको असमानता कम गर्न हुने थियो।



**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमेमा वृहत् कृषि प्रदर्शनी तथा हाटबजार कार्यक्रम सम्पन्न

## *कृषक उत्साहका साथ कृषि प्रदर्शनीमा सहभागी*



❖ **बालाराम शेर्पाली**

लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुमपूर्वमा कृषि क्षेत्रमा लगानी बढिरहेको भइरहेको छ। सुन्दर डाँडापाखा भएको यस जिल्लामा अहिले प्रायः सबै गाउँमा टोलको घर आँगनमा नै करेसाबारी देख्न पाइन्छ। झुम्लाबाङ भिलेज फाउन्डेसन र भूमे गाउँपालिकाले यस पटक भने पालिका स्तरीय वृहत् कृषि मेला प्रदर्शनी कार्यक्रम गाउँपालिको केन्द्र खाबाङ बगरमा शक्रबार र शनिबार दुई दिन गरेको हो।

रुकुमपूर्व जिल्ला आफ्नै पहिचान बोकेको जिल्ला हो। तीन स्थानीय तह रहेको रुकुमपूर्वमा तीन ३ वर्ष पहिले अर्गानिक उत्पादन जिल्ला घोषणा गरिएको थियो। साचिकै अर्गानिकलाई झल्काउँदै किसानले उत्पादन गरेका स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न कृषि प्रदर्शनी, रैथाने बाली प्रदर्शनी, बाख्रा, कुखुरा, बीउबिजन, बिरुवा तेलहन बाली, औजारहरु, हस्तकलाको विभिन्न आकृतिको सामग्रीहरु प्रदर्शनी गरिएको भूमे गाउँपालिकाले जनाएको छ।

भूमे गाउँपालिकामा अधिकांश किसानहरूले वर्षभरी बारीमा केही न केही फलफूल, अन्नबाली र सागसब्जी उत्पादन गरिरहेका छन्। किसानले आफ्नै बारीमा अर्गानिक हरियो सागसब्जी उत्पादन गर्न तर्फ उत्प्रेरित देखिन्छन्। बाहिरको तरकारी किनेर खाने प्रणाली अन्त्य गर्ने उद्देश्यका साथ सबैले स्वस्थ तरकारी खाने र बचेको तरकारी बिक्री गरेर आम्दानी पनि गर्ने र घरघरमा तरकारी फलाउन लक्ष्य गाउँपालिकाले लिएको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो।

अध्यक्ष श्रेष्ठले भन्नुभयो, "हरेक किसानले आ–आफ्नो घरमा ताजा, स्वच्छ र हरियो सागसब्जी पनि खान पाइने भएकोले किसान यसतर्फ आकर्षित भएको हुनुभएको छ।"

किसान लालबहादुर बिकले सुनाउनुभयो, "बेला–बेलामा भूमे गाउँपालिका र जेभिएफ संस्थाले कृषि प्राविधिक नै परिचालित गरेर आफ्नो करेसाबारी निर्माणमा साथ सहयोगमा जोड दिदा खुसी छौं र कृषि उत्पादनमा उत्प्रेरणा मिलेको छ।"

आर्थिक र वातावरणीय लाभको लागि कृषि उत्पादनलाई तीव्र पार्ने र बाली मिश्रणलाई विविधिकरण गर्ने कदम चालिएको झुम्लाबाङ भिलेज फाउन्डेसनका कार्यकारी निर्देशक अजय बुढाले बताउनुभयो।

दुई दिन चलेको हाटबाजरमा १ सय २५ जना किसानले कृषि बिक्री वितरणसँगै प्रर्दशनी गर्नु भएको थियो। यस्तै कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठले रुकुमपूर्वमा विभिन्न सिपकलाहरु दर्जनौ भएकाले सबै तह र निकायहरुबाट प्रचारप्रसार गरेर रुकुमपूर्व जस्तो हिमाली जिल्लालाई विश्व भरीनै चिनाउनुपर्ने बताउनुभयो।

अगुवा कृषक ओमबहादुर बुढाको अध्यक्षतामा सुरु भएको उक्त वृहत् कृषि उपज प्रदर्शनी तथा हाटबजार कार्यक्रम २०८१ को प्रमुख आतिथ्यता जिल्ला समन्वय समिति रुकुमपूर्वका प्रमुख मेघबहादुर श्रेष्ठको रहेको थियो भने विशेष अतिथिहरुमा भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपाने, भूमे गाउँपालिकाका उपाध्यक्ष सविना बुढा, सशस्त्र प्रहरी बल रुकुमपूर्वका डीएसपी विकासभक्त श्रेष्ठ, भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देविलाल बिक, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुमपूर्व र प्रधानमन्त्री आधुनिकीकरण परियोजना परियोजना इकाई रुकुमपूर्व रोल्पाका प्रमुख लगायत सञ्चारकर्मी, सुरक्षाकर्मी लगायतको उपस्थित रहेको कार्यक्रमको सञ्चालन भूमे गाउँपालिकाका कृषि प्राविधिक शिखर विश्वकर्माले गर्नुभएको थियो।

# भूमे गाउँपालिकाको निःशुल्क कम्प्युटर कक्षाबाट ४६ जनाले लिए ज्ञान




गाउँपालिकामा निःशुल्क कम्प्युटर कक्षा सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ।

❖ **बालाराम शेर्पाली**

रुकुमपूर्वको भूमे गाउँपालिकाले पालिका भित्र एसइई र कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीका लागि ३ महिने निःशुल्क आधारभूत कम्प्युटर कक्षा गत भदौ ५ गते देखि सुरु गरेको कक्षा सकिएको छ। जसमा पालिका ४६ जना विद्यार्थीले निःशुल्क कम्प्युटर कक्षा लिएर ज्ञान प्राप्त गरेका छन्।

पछिल्लो समय विद्यार्थीले निजी कम्प्युटर कक्षा केन्द्रमा गएर कम्प्युटर सिक्दा विद्यार्थीले महँगो शुल्क तिनुपर्ने बाध्यतालाई मध्य नजर गरेर पालिका भित्रका रहेका सबै विद्यार्थीलाई प्राविधिक धार तर्फ दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले पालिकाले २१ औं शताब्दीसँग समयनुसार परिवर्तनशिल बनाउनका लागि शिक्षामा गुणस्तर सुधार गर्दै, गुणस्तरीय शिक्षाको पहुँच विस्तार तर्फ आधुनिक सिकाई ज्ञान, सीप, अनुभव प्रणालीको प्रक्रियागत निःशुल्क कम्प्युटर कक्षा सञ्चालन गरिएको भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो। आजको आवश्यकता भनेको नयाँ खोज, अनुसन्धान, आविष्कार मानवीय सभ्यताको विकास रहेकोले गाउँपालिकाले सकरात्मक कदम चालेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। निःशुल्क कम्प्युटर कक्षा सञ्चालन मात्र नभई निमावि र मावि तहका सम्पूर्ण विद्यालयमा कम्प्युटर ल्याब सुविधा सञ्चालन गरिएको उहाँले बताउनुभयो।

सीपमूलक शिक्षा, नमुना विद्यालय सञ्चालन, शैक्षिक सुधार कार्यक्रमको कार्यन्वयन, अनुगमन, सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर सुधारमा मूख्य केन्द्रित रहेर आधारभूत मानवीय गुण, ज्ञान, सीप, क्षमता र आचरण आर्जन गरी सभ्य, शिष्ट, नैतिकवान, चरित्रवान, सुसंस्कृत, कर्तव्यनिष्ठ, कर्मशील, गतिशील, अनुशासित, स्वावलम्बी, आत्मनिर्भर नागरिक तयार गर्न सक्ने गुणस्तरीय शिक्षा ल्याउन भूमे गाउँपालिका लागि परेको बताउनुभयो। हामीलाई कहिले लोक सेवा कक्षा सञ्चालन गरेर त कहिले कम्प्युटर कक्षा सञ्चालन गरेर पालिकाले युवाका लागि गौरवको काम गरिरहेको विद्यार्थी जालकुमार सुनारले बताउनुभयो।

# डबल ब्याडमिन्टन प्रतियोगिता पुथाउत्तरगंगा विजेता

❖ बालाराम शेर्पाली




रुकुमपूर्वको भूमे गाउँपालिका–२ खाबाङ बगरमा शनिबार भूमे र पुथाउत्तरगंगा गाउँपालिकाका कर्मचारी बिच मैत्रीपूर्ण डबल ब्याडमिन्टन खेल भएको छ। दुई पालिकाका कर्मचारी बिच डबल ब्याडमिन्टन प्रतियोगितामा प्रतिस्पर्धा गरिएको थियो। डबल ब्याडमिन्टन प्रतियोगितामा पुथाउत्तरगंगा गाउँपालिका र भूमे गाउँपालिकाको खेलाडीहरूले उत्साहजनक १० टिमले सहभागिता जनाएको खेल संयोजक प्रेमप्रसाद भट्टराईले जानकारी दिनुभयो। १० टिम मध्य सेमिफाइनल प्रवेश गर्दै पुथाउत्तरगंगा गाउँपालिकाको खेलाडी समीर गिरीको टिमले भूमे गाउँपालिकालाई हराउदै पुथाउत्तरगंगा गाउँपालिका विजेता बनेको हो। पुथाउत्तरंगा गाउँपालिकाको खेलाडी समीर गिरी र भिमप्रकाश केसीको टिम विजेता बनेको हो। भने भूमे गाउँपालिकाका खेलाडी प्रेमप्रसाद भट्टराई र ओकबहादुर बिकको टिम उपविजेता बनेको हो। बिजेतालाई ट्रफी र मेडल प्रदान गरिएको भूमे गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देविलाल बिकले जानकारी दिनुभयो।

प्रतियोगिताको समापन गर्दै गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले खेलकुद क्षेत्रले स्थानीय तहहरूबीच सहकार्य र मित्रता बढाउने बताउनुभयो। यस्ता प्रतियोगिताहरूले खेलकुद प्रतिभाको पहिचान गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने अध्यक्ष श्रेष्ठले बताउनुभयो।

# नेटर्वक र इन्टरनेटको सुविधा नभएको क्षेत्रमा स्मार्ट एप्स




भौगोलिक हिसाबले विकट रहेको रुकुम पूर्वको भूमे गाउँपालिका विकासका हिसाबले पछिल्लो समय २०७४ मा स्थानीय सरकार आए लगत्तै विकासले गति लिन थालेको छ। सबैभन्दा विकट क्षेत्रहरुमध्य एक मानिने रुकुम पूर्वको भूमे गाउँपालिका स्मार्ट पालिका बनेको हो। भूमे एउटा यस्तो क्षेत्र हो जहाँ अहिले सम्म भरपर्दो सञ्चारको सुविधा पुगेको छैन्। जहाँ मोबाइल नेटर्वक राम्रोसँग टिप्दैन, इन्टरनेटको राम्रो सुविधा छैन जसको लागि स्मार्ट एप्स मार्फत विज्ञान प्रविधिको काममा पालिका लागिपरेको छ।

भूमे गाउँपालिकामा विकास क्रमले भने फड्को मारिरहेको छ। प्रविधिमैत्री सेवाको सुनिश्चितता गरेर स्मार्ट पालिका बनाएको भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो। सबै नागरिकमा सूचना प्रविधिको पहुँच प¥याउन

❖ बालाराम शेर्पाली

सबै वडामा इन्टरनेट विस्तार गरी सूचना प्रविधिको पहुँचलाई उच्चतम प्रयोग गरी भूमे गाउँपालिकालाई प्रविधिमा स्मार्ट पालिका बनाउन ४ वर्ष पहिले देखि नीति लिइएको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

पालिका देखि हुने सेवा प्रवाहलाई थप गुणस्तरीय बनाउने उद्देश्यले स्मार्ट भूमे गाउँपालिका एप्स निर्माण गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देबिलाल बिकले बताउनुभयो। सो एप्सबाट गाउँपालिकाको सम्पूर्ण जनप्रतिनिधि, कर्मचारीको सम्पर्क नम्बर र कार्यालयबाट प्रवाह हुने सेवा समबन्धी सम्पूर्ण जानकारीहरु उपलब्ध बनाएको छ। गाउँपालिकाको वस्तुगत विवरण अध्यावधिक तथ्याङ्क गुनासो अभिलेख, ईजलास, इसिफारिस,स्मार्ट कर, पर्यटकीय स्थल र आकस्मिक सेवाहरु स्मार्ट पालिका एप्सबाट हेर्न सकिने प्रमुख प्रशासकीय अधिकृत बिकले बताउनुभयो।

अन्य सरकारी कार्यालयमा चाहिने कागजात पनि सजिलै हेर्न सकिने अधिकृत बिकले बताउनुभयो।

# शिक्षक तथा नर्सहरूका लागि आधारभूत आँखा उपचार तालिम



रुकुमपूर्वको भूमे गाउँपालिकमा तिलगंगा आँखा प्रतिष्ठान, तिलगंगा सर्जिकल आँखा केन्द्र रोल्पाको आयोजना र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रोल्पा, भूमे गाउँपलिकाको समन्वय र द फ्रेड हलोज फाउन्डेसनको आर्थिक सहयोगमा एक दिने आधारभूत आँखा उपचार तालिम दिइएको छ।

गाउँपालिकाको सभाहलमा गाउँपालिका भित्रका ३५ वटा विद्यालयका शिक्षक तथा विद्यालय नर्सहरुको लागि एक दिने आधारभूत आँखा उपचार तालिम प्रदान गरिएको सामुदायिक आखा केन्द्र रोल्पाका प्रमुख खडक भाटले जानकारी दिनुभयो। प्रमुख भाटका अनुसार ३५ वटा विद्यालयका विद्यालय शिक्षक तथा विद्यालय नर्सहरुले आफ्नो विद्यालयमा भएका विद्यार्थीहरूलाई दृष्टि परीक्षण तथा आँखा सामान्य र असामान्य भएको जाँच गरी दृष्टि कमजोर समस्या पत्ता लगाउनको







लागि तिलगंगा सर्जिकल आँखा केन्द्र र ग्रामीण आँखा केन्द्र भूमे गाउँपालिकाले एक दिने तालिम प्रदान गरिएको उहाँले बताउनुभयो।

तालिमको समापन गर्दै भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले आँखा बिना संसार नै अन्धकार हुने भन्दै त्यसको सरसफाइ तथा उपचारमा विशेष ख्याल पर्ने बताउनुभयो।

आँखा अति संवेदनसील अंग भएको बताउनुभयो। बालबालिकाहरूको समग्र स्वास्थ्य सुनिश्चित गर्न शिक्षा र स्वास्थ्य क्षेत्रलाई एकसाथ अघि बढाउनु आवश्यक रहेको बताउँदै विद्यालय स्तरमै आधारभूत स्वास्थ्य सेवाहरू उपलब्ध गराउने गाउँपालिकाको लक्ष्य रहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। तालिमबाट शिक्षकहरुले आँखा रोगको सुरुवाति चिन्ह पत्ता लगाउन र प्राथमिक उपचारमा आफ्नो ज्ञान अभिवृद्धि गर्ने बताएका छन्।

उक्त तालिममा गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको सभाध्यक्षमा सुरु भएको कार्यक्रम पालिकाका उपाध्यक्ष सविना बुढा मगर, प्रमुख प्रशासकीय अधिकृत देविलाल बिक, सामुदायिक आँखा केन्द्र रोल्पाका प्रमुख खडक भाट, गाउँपालिका रोजगार सहायक चन्द्र रसाईली, ग्रामीण आँखा उपाचार केन्द्रका अप्टिकल फिटर ओमप्रकाश बिक, नेपाल पत्रकार महासंघ रुकुमपूर्वका उपाध्यक्ष बालाराम शेर्पाली लगायतको आतिथ्यता रहेको थियो।

# झुम्लाबाङ भिलेज फाउन्डेसनद्वारा विद्यार्थीलाई शैक्षिक सामग्री



रुकुम पूर्वको भूमे गाउँपलिका–३ मा रहेको झुम्लाबाङ भिलेज फाउन्डेसनले विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको छ। भूमे–३ स्थित शहिद बासु स्मृति नमुना आधारभूत विद्यालय क्याङ्सीमा विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ। झुम्लाबाङ भिलेज फाउन्डेसनले विद्यालयका गरिब तथा जेहेन्दार ३० जना विद्यार्थीहरुलाई स्टेसनरी शैक्षिक सामग्री हस्तान्तरण गरेको झुम्लाबाङ भिलेज फाउन्डेसनका कार्यकारी निर्देशक अजय बुढा मगरले जानकारी दिनुभयो।

निर्देशक बुढाको अनुसार झुम्लाबाङ भिलेज फाउन्डेसनले विभिन्न समयमा विद्यार्थीलाई छात्रवृत्तिसँगै शैक्षिक तथा स्टेसनरी सामग्री सहयोग गर्दै आएको बताउनुभयो शहिद बासु स्मृति नमुना आधारभूत विद्यालय भूमे गाउँपालिका ३ क्याङ्सीका शिक्षक अभिभावक संघका अध्यक्ष विपन कुमार रोकाको अध्यक्षतामा सुरु भएको उक्त शैक्षिक सामग्री हस्तान्तरण कार्यक्रममा भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढा मगरको प्रमुख आतिथ्यता रहेको थियो भने कार्यक्रममा भूमे गाउँपालिकाका अधिकृत छैटौं प्रेमप्रसाद भट्टराई, सहायक पाँचौ चेतन बुढा मगर, रोजगार संयोजक बिनोद बिक, झुम्लाबाङ भिलेज फाउन्डेसनका निर्देशक अजय मगर र फाउन्डेसनका फिल्ड संयोजक शिवकुमार बुढा मगरको उपस्थिति रहेको थियो।

# विद्यालय शिक्षामा सुधार गर्नुपर्ने विषय

***विद्यालय समाजका लागि नयाँ पुस्ता निर्माण गर्ने थलो पनि हो, जहाँको सानो हेलचेक्र्याइँले समाजलाई लामो समय पिरोल्नेछ***




❖ **वीणा झाँ**

मानव जीवनमा शिक्षाको महत्व कति छ भनिराख्नु परेन। चाहे औपचारिक शिक्षा होस् वा अनौपचारिक, दुवैले मानव मस्तिष्कलाई चलायमान बनाउँदै सोच्न सक्ने, तर्क गर्न सक्ने, निर्णय गर्न सक्नेलगायत जीवनमा आवश्यक विविध सीपको विकास गर्न सहयोग गर्छन्। औपचारिक शिक्षामा पनि विद्यालय तह र विश्वविद्यालय तहमा शिक्षकको भूमिका, सिकाइ विधि, सिकाइ मापक निर्धारण अनि परिणामको अपेक्षा फरक–फरक हुन्छन्। दृष्टान्तका लागि, काठमाडौंमा रहेको कुनै क्याम्पस तहको विषय कर्णालीमा रहेको क्याम्पसमा पनि हुबहु नै रहनुपर्छ। किनकि, उक्त सिकाइ उपलब्धिको परिकल्पना समान हुने गरी राखिएको हुन्छ। समान तथ्य र सिद्धान्तहरू सिकाउन खोजिएको हुन्छ। र, सिकाइलाई सम्बन्धित विश्वविद्यालयले समान मापक निर्धारण गरी सिकाइ उपलब्धिको मापन गर्ने गर्छ।

तर, विद्यालय तहको शिक्षामा यो कुरा लागू गर्न सकिन्न। किनभने विद्यालय तहको शिक्षा भनेको सिक्ने प्रक्रियालाई सिकाउन सुरुवात गर्ने थलो हो, जसमा विद्यार्थीको समुदाय, सन्दर्भ र तिनका अभिभावकलाई समेत जोडेर सँगसँगै लानुपर्ने हुन्छ।

विद्यालय तहको सिकाइको आधार राष्ट्रिय पाठ्यक्रमले दिएको हुन्छ ।

सिकाउने प्रक्रियामा दैनिक जीवनसँग जोडिएको अनुभूति हुनुपर्छ । अन्यथा बालबालिकाको सिकाइको जग कमजोर बन्नुका साथै तिनमा आत्मविश्वासको कमी, सिर्जनशीलताको अभाव अनि कल्पनाशक्तिमा ह्रास हुने अवस्था रहन्छ ।

विद्यालय अवस्थित रहेको भौगोलिक अवस्था, भौतिक तथा मानवीय स्रोतसाधनको अवस्था अनि त्यसमा अध्ययन गर्ने विद्यार्थी र अभिभावकका शैक्षिक, आर्थिक र सामाजिक अवस्थाले निकै महत्वपूर्ण भूमिका खेलेको हुन्छ । ती सबैलाई केन्द्रमा राखी राष्ट्रिय पाठ्यक्रमको मूल मर्मअनुरूप सिक्ने–सिकाउने विषयवस्तु र विधिलाई आत्मसात् गर्दै सिकाउने हो भने सिकाइको जग बलियो बन्छ, अनि उक्त जगमा टेकेर उसले विश्वका विविध पक्ष र आवश्यकताअनुरूप सहजै सिक्न सक्ने क्षमताको विकास गर्छ।

सामान्य रूपले निम्नलिखित तीनवटा विधि अपनाउने हो भने विद्यालय शिक्षाको सिकाइ प्रक्रियामा बालबालिकालाई सहजै जोड्न सकिन्छः

पहिलो : विद्यालय तहको सुरुवाती कक्षादेखि नै उनीहरूलाई कथासँग जोड्न सकिन्छ । तल्लो कक्षामा सिर्फ मौखिक रूपमा बालबालिकालाई कथा बनाएर वाचन गर्न लगाउन सकिन्छ । त्यो कथा उसले सुनेको कथा हुन सक्छ । उसले आफैं रचेको कथा हुन सक्छ वा उसले कुनै प्रस्तुति देखेर बुझेको कथा हुन सक्छ । उक्त कथावाचनपश्चात् त्यसमा गणित, विज्ञान र वातावरण (सामाजिक र प्राकृतिक दुवै) खोज्न लगाउन सकिन्छ, जसमा शिक्षकको सक्रिय भूमिका रहन्छ । यसो गर्दा एक विद्यार्थीको कथामा सबै मिलेर त्यसभित्र गणित, विज्ञान र वातावरण खोज्न थाल्दा एक त उक्त विद्यार्थीमा आत्मविश्वास बढ्ने, कल्पना शक्ति बढ्ने, आफ्नो वरिपरि समुदायलाई महसुस गर्ने क्षमताको विकास गर्न सकिन्छ । अर्कोतिर गणित कहाँ–कसरी जीवनमा जोडिएको छ, विज्ञान कहाँनेर छ ? दैनिक जीवनमा अनि वातावरणमा त्यसको प्रभावलाई कसरी बुझ्ने भन्ने कुरा सिकाउनुका साथै भाषाको विकास पनि सहजै गर्न सकिन्छ ।

त्यसमाथि पनि नेपालका कक्षाकोठा, जहाँ एउटै कक्षाकोठामा अत्यधिक सांस्कृतिक विविधता भेटिने अवस्थाले गर्दा सिकाउने विषयवस्तु प्रचुर मात्रामा भेटिन्छ । विविध भाषा, सांस्कृतिक परम्परा अनि तिनलाई मनाउने बहुविध तरिकाहरूको प्रस्तुतिसमेतले सिकाइलाई थप रोमाञ्चकारी बनाउन सकिन्छ । कक्षाको तह बढ्दै जाँदा त्यही कथा शृंखलालाई थप विशिष्टीकृत गर्दै जान सकिन्छ ।

तिनका प्रस्तुति शैलीमा निखार, भाषाको विकास, सोच्ने सीपको साथै समाजभित्र सम्भावना देख्न सक्ने क्षमताको पनि विकास गराउन सकिन्छ ।

एकपटक दायित्वबोध गराउन सक्ने हो भने त्यसले उसको जीवनकालसम्म दिशानिर्देश गरिरहनेछ ।

कथाको वाचनबाट सुरु गरिएको सिकाइलाई कथा लेखन साथै सडक नाटक मार्फत समाजका विविध विषय वस्तु प्रति जागरुकता र जवाफदेहिता बढाउन सकिन्छ ।

तिनका कथालाई विद्यालयहरूले आ– आफ्नो स्रोत– साधनको उपलब्धता अनुरूप बाह्य वा भित्री रूपमा प्रकाशन र वितरण गर्न सक्छन्, जसले गर्दा एक–अर्काको दृष्टिकोण बुझाउन र त्यसको सम्मान गर्नसमेत सिकाउन सकिन्छ, जुन आजको अपरिहार्य आवश्यकता पनि हो ।

दोस्रो : तिनका पाठ्यक्रममा रहेका सम्पूर्ण विषयवस्तुहरूमध्ये कुन–कुन विषय एक–आपसमा कहाँ–कहाँ जोडिन सक्छन् र तिनको सम्बन्ध व्यक्ति, समुदाय र समाजमा कहाँ–कहाँ, कसरी जोड्न सकिन्छ भन्ने पनि विश्लेषण गर्न लगाउनु जरुरी हुन्छ ।तल्ला कक्षामा शिक्षक स्वयंले एउटा विषयभित्रका पाठ तथा एउटा विषय अर्को विषयसँग कसरी जोडिने रहेछ भनेर बुझाउन सक्नुपर्छ भने माथिल्ला कक्षामा स्वयं विद्यार्थीलाई नै यसो गर्न लगाउने र शिक्षक सहजकर्ताको भूमिकामा मात्रै बस्ने हो भने विद्यार्थीले सक्रिय भूमिका निभाउँदै उत्साहका साथ यो कार्य गर्न सक्छन् ।यसलाई कक्षागत वार्षिक योजनामा समावेश गर्दा विद्यार्थीमा विषयवस्तुप्रतिको अपनत्व बढ्नुको साथै सिकाइप्रतिको रुचि जगाउन पनि काम लाग्न सक्छ।

अझ यसलाई त शैक्षिक वर्षको अन्तमा जब वार्षिक परीक्षा सकिएको हुन्छ र नयाँ शैक्षिक सत्र सुरु भएको हुँदैन,त्यतिवेला गराउन सकिन्छ ।यसले आगामी विषयवस्तुबारे जिज्ञासा र जानकारीसमेत बढाउन मद्दत गर्न सक्छ ।बालबालिकामा ती विषयवस्तुबारे सोच्ने र खोज्ने सीपको पनि विकास गराउन मद्दत गर्छ ।साथै, नयाँ शैक्षिक सत्रको सुरुवाती दिनमा यसकै प्रस्तुति गर्ने–गराउने हो भने यसले पूर्ण शैक्षिक सत्रको विषयवस्तुको एउटा चित्र मस्तिष्कमा कोर्न सकिन्छ, जसका आधारमा पाठ योजना बनाउँदा निकै प्रभावकारी बन्न सक्छ ।

तेस्रो : अर्कोचाहिँ नक्कलबाट जोगिने विधि ।नक्कलको कुरा गर्दा अक्सर विद्यार्थीको अनुहार याद आउने एउटा स्थापित सोच नै छ ।यद्यपि वास्तवमा विद्यालयहरू आफैं नै नक्कल गर्ने प्रवृत्तिको सिकार भएका हुन्छन् ।उनीहरू देशभित्र वा विदेशमा अवस्थित विद्यालयमा कहाँ के अभ्यास हुँदै छ, त्यसको हुबहु नक्कल गर्दै आफ्नो विद्यालय सर्वोत्कृष्टतातर्फ उन्मुख रहेको भ्रममा लिप्त भेटिन्छन् ।

सहरकेन्द्रित होस् वा ग्रामीण भेग, नक्कलको प्रवृत्तिले अधिकांश विद्यालय ग्रसित भेटिन्छन् ।

यसले गुणात्मक शिक्षाको मर्मलाई नै घात गरिरहेको हुन्छ ।

उदाहरणका लागि, अमेरिकाको कुनै विद्यालयमा प्रयोग गरिने ‘डु नाउ’ विधि नेपालको विद्यालयको सन्दर्भमा उपयुक्त नहुन पनि सक्छ। त्यहाँका शिक्षक विद्यार्थी बिचको सम्बन्ध र नेपालको शिक्षक विद्यार्थीबिचको सम्बन्ध नै फरक रहने हुँदा समान औजारले काम गर्न सक्दैन ।

सिकाइ विधि र प्रक्रियामा विद्यालय कहाँ अवस्थित छ, विद्यार्थी तथा अभिभावकको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था कस्तो छ, बालबालिका बस्ने घर, समुदाय र सांस्कृतिक वातावरण कस्तो छ? भन्नेले निकै महत्वपूर्ण भूमिका खेलेको हुन्छ।

तसर्थ, कक्षाकोठा भनेको पूर्ण रूपमा शिक्षकको अधिकार क्षेत्र हो, जहाँ प्रवेश गर्न शिक्षकको अनुमति आवश्यक पर्छ । वास्तवमा कक्षाको सुरुवात कसरी गर्ने अर्थात् ‘डु नाउ’लाई कुनै युनिभर्सल फर्मुलामा राख्न मिल्दैन। किनकि कक्षाकोठाको अवस्था कस्तो छ, त्यो त त्यहाँ प्रवेश गरेपछि मात्रै शिक्षकले महसुस गर्न सक्छ अनि सुरुवात कसरी गर्ने भन्ने कुरा तिनले त्यतिवेलै सोच्नुपर्ने हुन्छ। विद्यालय तहका कक्षामा पछिल्ला सिकाइसँग जोड्नुका साथै भावनात्मक विकास पनि गरिनुपर्ने हुँदा कुनै निश्चित खाकाभित्र ढालेर हरेक कक्षाका विद्यार्थीको सिकाइ सुरुवात सम्भव हुन सक्दैन। त्यसैले नक्कलबाट जोगिने विधि सिकाउँदै सिर्जनशील मौलिकताप्रति आकर्षित गर्न सकिन्छ। विद्यालय तहको शिक्षा भनेको सिक्ने प्रक्रिया सिकाउने क्षमताको विकास गराउने थलो हो भन्ने भुल्नु हुँदैन, जहाँ जीवनका लागि आवश्यक सीपहरूको पनि विकाससँगसँगै गर्दै लानुपर्ने हुन्छ। यसमा उसको परिधि, परिस्थितिको पहिचानसँगै समाज र सन्दर्भप्रतिको बुझाइ पनि निकै महत्वपूर्ण हुन्छ। अझ सरल रूपमा भन्दा निर्णय क्षमताको विकास यसरी गरिनुपर्छ। भोलिका दिनमा उसलाई कुनै निर्णय गर्न विद्यालय तहमा सिकेको परिस्थितिको पहिचान, आफ्नो परिधिको बुझाइ अनि सन्दर्भ र अवस्थालाई विश्लेषण गर्ने क्षमताले सघाओस्, न कि उसले कण्ठस्थ पारेको कुनै सिद्धान्तको आधारमा निर्णय लिनु परोस्। यसो भनिरहँदा कतिपय कुतर्क नआउलान् भन्न सकिन्न। कसैले भन्न सक्लान्– विज्ञान विषय पढाउँदा सिद्धान्त पढाउनुपर्दैन ? यसको सामान्य जवाफ हुन्छ– सिद्धान्त सिकाउन पहिला विद्यार्थीको दैनिकी तथा उसको वरपरको गतिविधिभित्र उक्त सिद्धान्त जोडिएको देखाउँदै उपयुक्त उदाहरणबाट सुरुवात गर्दै त्यो सिद्धान्तलाई बुझाउन सकिन्छ। समग्रमा, विद्यालय तहको शिक्षाप्रति सबै सरोकारवालाले सही चिन्तनका साथ सहयोग गर्न जरुरी छ। विद्यालय समाजका लागि नयाँ पुस्ता निर्माण गर्ने थलो पनि हो, जहाँको सानो हेलचेक्र्याइँले समाजलाई लामो समय पिरोल्नेछ ।

*(झा समाजशास्त्री हुन्)स्रोत नयाँ पत्रिकाबाट साभार*

# नेपालमा किवीफल खेती प्रविधि



**परिचय** :संसारका विभिन्न फलफुलहरु मध्यमा विकिसत मुलुकहरुमा किवीफल कैयौं शताब्दी अघि देखि नै खेती र प्रयोगमा रहेता पनि हाम्रो देश नेपालमा भने यो फल भर्खरै मात्र जानकारीमा आएको हो। साधारण भाषामा 'किवी' भन्नाले न्युजिल्याण्ड्को राष्ट्रिय चरा भन्ने बुझिन्छ। यो हेर्दा खैरो देखिनुका साथै निकै ठुलो पनि हुन्छ। किवी फलको खेतिको शुरुवात १६औं शताब्दीमा चाइनाबाट भएको पाइन्छ। त्यस बेला यस फलको नाम चाइनिज भाषामा **'Yang tao'** थियो।

किवी फलमा संसारभर पाइने फलहरुमा भएको तत्वहरुको अलावा भिटामिन 'सी' अत्याधिक मात्रामा पाइने हुनाले यस फललाई 'राजा फल' भनेर चिनिन्छ भने युरोप र अमेरिकामा सर्वोत्कृष्ट फल भनेर चिनिन्छ। बेलायतको कृषि मन्त्रालयले संसारभर पाइने विभिन्न फलफुलहरुको परिक्षण गर्दा किवी फलमा अन्य फलहरुमा पाइने भन्दा धेरै नै बढि मात्रामा भिटामिन, प्रोटिन, मिनरल र अन्य तत्वहरु पाइएको तथ्य समेत सार्वजानिक गरेको छ। यो हेर्दा चाइनिज गुजेवरी वा ठेकीफल जस्तै देखिएता पनि नेपालमा भने यसलाई 'झुसेफल' को रुपले चिनिन्छ। किवीको बैज्ञानिक नाम एक्टिनिडीया डेलिसियोसा (**Actinidia deliciosa)** हो।

## *किवीफलको साभावना र महत्व*

किवीफलको विशेषता र स्वभाव अनुसार चिसो हावापानी, आद्रता बढि भएको, सिंचाई सुविधा भएको जमिन आवश्यक पर्ने भएकोले दश हजार मिटर देखि २४०० मिटर सम्मको उचाईमा पर्ने पूर्व देखि पश्चिमसम्मको लाखौं हेक्टर पहाडी भू-भागमा यसको खेती गर्न सकिन्छ। नेपालमा किवीफललाई महत्वकासाथ जोड दिनु पर्ने कारण बुँदागत रुपमा तल दिईएको छ।

यो फलको खेति प्रविधि त्यती जटिल छैन, सजिलैसँग कृषकले अपनाउन सक्दछन्।यो फलको खेति गर्दा पहिलो बर्ष खाल्टो खन्न, बिरुवा खरिद गर्न र सपोर्ट व्यवस्थापन गरनुपर्ने भएकाले लगानी बढि लाग्दछ।बगान स्थापना गरिसके पछि दुई पटक काँटछाँट र मलजल दिने त्यसपछि वर्षमा दुई चार पटक गोडमेल र गर्मियाममा सिंचाई गर्ने गरे पुग्छ।वर्षैभरि खटिरहनु पर्ने झन्झट पर्दैन। नेपालमा करिव ७/८ वर्षका बोटहरुले ५० देखि ७० किलोग्राम सम्म उत्पादन दिएको पाईएको छ।अझ राम्ररी खेती व्यवस्थापन गर्न सकिएमा उत्पादन बढ्न सक्ने अनुमान गर्न सकिन्छ।यो फल प्रत्येक वर्ष फल्दछ।हाल नेपालमा यसको बजार प्रमुख रुपमा सुपर मार्केटमा निकै महँगोमा सिजन अनुसार रु.४०० देखि ८०० प्रति किलोमा विक्री भैरहेको पाइन्छ।हाल शहर बजारमा यसको महत्व बुझेका उपभोक्ताहरु मात्र यसका ग्राहक हुन भने भविष्यमा यसको उपभोक्ताहरु बढ्न जाने देखिन्छ।यो फल जमिनको आकार हेरेर प्रति रोपनी जमिनमा १५ देखि २० बोट अटाउछ र १० देखि १५ वटा मात्र बोटमा फल लागेको हिसावले प्रतिगोटा ५० के.जि फलेमा प्रतिरोपनी ५०० देखि ७५० केजि फल फल्दछ र न्युनतम रु १०० प्रति केजि विक्री गरेमा पनि प्रतिरोपनि प्रतिबर्ष रु. ५०,००० देखि ७५,००० आम्दानी लिन सकिन्छ।

## *लामो समय सम्म भण्डारण क्षमता*

यो फल कार्तिक मंसिर महिनामा टिप्ने भएकोले ६ देखि ८ हप्ता खुल्ला ठाउँमा नै भण्डारण गर्न सकिन्छ।यदि कोल्ड स्टोरमा जेरो डिग्री सेल्सियसमा राख्न सकियो भने ६ देखि ८ महिना सम्म राख्न सकिन्छ।यसरी करिव ८/१० महिना सम्म किवीफलको व्यवस्थापन मिलाउने सम्भावना देखिन्छ।किवीफल चिसो आद्रता भएको हावापानी रुचाउने बाली हो।त्यसैले यसको खेती शितोष्ण देखि समशितोष्ण हावापानी भएको भू-भागमा गर्न सकिन्छ।यसको स्वभाव पतझड भएकोले यसको हिउँदमा पात झरी बोट सुशुप्त अवस्थामा रहन्छ।नेपालको सन्दर्भमा समुद्री सतहबाट १०००-२५०० मिटर उचाई भएका क्षेत्रमा यसको खेती गर्न सकिन्छ र उपयुक्त पनि मानिन्छ।किवीफलको लागी सापेक्षिक आद्रता बढि भएको राम्रो मानिन्छ।बार्षिक औषत बर्षा १५०० मि.मि उपयुक्त हुन्छ।किवीफललाई प्रशस्त प्राङ्गारीक पदार्थ भएको बलौटे दोमट वा दोमट माटो उपयुक्त हुन्छ तर चिप्टाईलो उपयुक्त हुदैन। मटोको पि.एच. ६.५-६.९ उपयुक्त हुने र ७ भन्दा बढि भएमा म्यागनिज कमिको लक्षण देखाउन थाल्छ।किवीफलमा माटो खुकुलो हुन जरुरी छ।

## *जग्गाको तयारी र बिरावा रोप्ने*

बिरुवा रोप्दा ८*८ वा ६*४ वा ५*५ मिटरको दुरीमा सिधा धर्सामा रेखाङ्कण गरी एक मिटर गहिराई र एक मिटर चौडाइ भएको खाडल खनी अर्गानिक मल तथा जैविक मल प्रयोग गरी माटो र मल राम्ररी मिलाई खाडल पुरी १-१.५ उचो गरी पानी नजम्ने गरी बिरुवा रोप्नु पर्छ। बिरुवा रोपिसकेपछि फेदमा मल्चिंग गर्न आवश्यक हुन्छ। अर्गानिक मल २५-३० के.जी प्रति वर्ष आश्वीन, कार्तिक, फाल्गुन र चैत्रमा दिने गर्नुपर्दछ। यो परागसेचनका लागि आवश्यक हुन्छ तथा खेती गरीएको ठाउँमा मौरी पालन र पशु पालन गर्नु लाभदायक हुन्छ। किवीफलको खेति गर्दा कलमी गरीएका बिरुवाको धेरैजसो प्रयोग गरिन्छ।

**सिंचाईः** किवीफलको जरा गहिरो तर्फ भन्दा माथिल्लो सतह २ फिटमा नै फैलने भएकोले सो ठाउँमा सधै चिस्यान कायम रहेमा बोटको विकास राम्रो हुन्छ। एउटा बगानको लागि ८ महिनाको वृद्धि विकास अवधिमा १००० लिटर पानीको आवश्यक पर्छ जसको आधा पानी ३ महिना गर्मियामको अवधिमा आवश्यक पर्छ। यो यामको सुरुसँगै फूल फक्रने परागसेचन कार्य हुने र नयाँ चिचिलाहरु आउने अवस्था भएकोले सिंचाईको महत्वपूर्ण भूमिका रहन्छ र यदि माटो सुख्खा हुन गएमा उत्पादनमा नकरात्मक असर पर्दछ।

## *किवीफलका जातहरुः*

हेवार्डः यो विश्व भरी समावेश भएको जात हो। फलको आकार ठुलो र आकर्षक (८०-१०० ग्राम) हुन्छ र ढिलागरि पाक्ने जात हो। फल गोलो र हल्का चेप्टो हुन्छ। यसलाई बढि चिलिंग घण्टा (६००-८००) चाहिने हुनाले बढि उचाईमा खेती गर्दा उपयुक्त हुन्छ।

**एलिसनः** बोक्रामा बाक्लो खैरो झुस भएको मध्यम राम्रो भण्डारण क्षमता भएको हुन्छ। यो जातमा फूल छिटो फूल्ने र हरियो गुदी भएको जातहरुमा यसलाई कम चिलिंग भए पुग्छ।

**मोन्टीः** यो मध्यम सिजनमा तयार हुने जात हो यसको आकार लाम्चो ठुलो हुन्छ र फलको टुप्पोतर्फ थेप्चो हुन्छ। यो जातबाट प्रशोधित खाद्यवस्तुहरु जस्तै जाम, जेली, जुस, तथा वाइन बनाउनका लागि राम्रो मानिन्छ।

**ब्रनोः** हरियो गुदी भएको जातहरुमा यो अगौटे जात हो। अत्यधिक फल लाग्ने र कम चिलिंग भए पुग्ने फलको आकार गोलो, लामो (**Cylindrical)** र टुप्पोतर्फ नाइटो जस्तै अलि उठेको हुन्छ। यसमा बीउको संख्या धेरै हुने भएकोले नर्सरीमा रुटस्टक तयार गर्नको लागि उपयुक्त हुन्छ।